सम्पर्क नं. : ०२५-५४००२४

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# नगर आधारभूत अस्पताल

दुहवी, सुनसरी
१ नम्बर प्रदेश, नेपाल

प.स. २०७९|०८०
च. न.. २२

मिति :२०७९|०६|२५

## अस्पताल क्यान्टिन संचालनको लागि दरखास्त आह्वान गरिएको सूचना !

यस दुहबी नगरपालिकाको नगर आधारभूत अस्पताल, दुहबीको बिरामी सेवाग्राही, अस्पताल कर्मचारी तथा कुरूवाहरूको लागि चिया,नास्ता,खाजा, खाना तथा पेय प्रबन्ध गर्न देहायका मापदण्ड एवं शर्त पालना गर्नेगरी अस्पताल क्यान्टिन संचालनका लागि चिया,नास्ता,खाजा, खाना तथा पेयको परिकार र त्यसको इकाई दर (मूल्य रू.मा) सहित ७ दिनभित्र शिलबन्दी दरखास्त पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

### अस्पताल क्यान्टिन सम्बन्धी मापदण्ड तथा शर्तहरू:

(क) चौबीसै घण्टा सेवा दिने किचेन र डायनिङ्ग छुट्टाछुट्टै भएको क्यान्टिन हुनु पर्नेछ ।
(ख) प्रयाप्त कुर्ची सहितको डायनिङ्गको व्यवस्था भएको हुनु पर्नेछ ।
(ग) खानाको परिकार र शुल्क सहितको बडा–पत्र सबैले देखिने स्थानमा राख्नु पर्नेछ ।
(घ) सफा भुई, फराकिलो पकाउने स्थान र सामान संचित गर्ने स्थान प्रयाप्त भएको हुनु पर्नेछ ।
(ङ) किचेन उज्यालो र एक्जस्ट फ्यान जोडेको हुनु पर्नेछ ।
(च) क्यान्टिनको भित्ताहरु सरसफाई गर्न सजिलो हुने गरीको बनौट भएको हुनु पर्नेछ ।
(छ) चौबीसै घण्टा सफा, स्वच्छ पिउने पानी र खानाको व्यवस्था भएको हुनु पर्नेछ ।
(ज) क्यान्टिनमा कार्यरत कर्मचारीहरुले तोकिएको पोशाक लगाएको हुनु पर्नेछ ।
(झ) छुट्टै सफा हात धुने स्थान र उक्त स्थानमा साबुनको व्यवस्था भएको हुनु पर्नेछ ।
(ञ) भाडा माझ्ने र हात धुने ठाउँ छुट्टाछुट्टै स्थानमा हुनु पर्नेछ ।
(ट) सन्तुलित खाना र निश्चित बिरामीको लागि पोषण सम्बन्धी जानकारी दिन पोष्टर, पम्प्लेटको व्यवस्था भएको हुनु पर्नेछ ।
(ठ) खानेकुराबाट निस्कने फोहोरजन्य वस्तुको व्यवस्थापन निर्देशिका बमोजिम गर्नु पर्नेछ ।
(ड) खानेकुरा सफा जालीयुक्त कपडाले छोपेको हुनु पर्नेछ ।
(त) रेफिजिरेटर, विद्युतिय ओवनको व्यवस्था भएको हुनु पर्नेछ ।

**बिकी वितरणका लागि प्रोत्साहित गरिने खानेकुरा :**

(थ) खानेकुरा कम प्रशोद्धन गरिएको कच्चा पदार्थ चामल, चिउरा, गहुँको आटा(पिठो), मकै,गेडागुडीबाट तयार भएको हुनु पर्नेछ ।
(द) खाना नास्तामा प्रयाप्त हरियो सागसब्जी, काचो खान मिल्ने फलफुल तथा तरकारी हुनु पर्नेछ ।
(ध) क्यान्टिनमा फलफूल तथा फलफूलको जूस उपलब्ध हुनु पर्नेछ ।
(न) दुध दही तथा दुधको अन्य परिकार,माछामासु, अण्डा निर्धारित मापदण्डमा अलग्ग अलग्ग भण्डारण,तयारी तथा वितरण हुने व्यवस्था गर्नुपर्नेछ ।

**बिकी वितरणका लागि निरुत्साहित गरिने खानेकुरा :**

(क) मैदाबाट बनेको खानेकुरा,
(ख) जङ्कफूड,

नगर आधारभूत अस्पताल
दुहबी, सुनसरी
डा. ओम प्रकाश यादव
मेडिकल अधिकृत
एन.एम.सी. नं. २७७२३

सम्पर्क नं. : ०२५-५४००२४

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नगर आधारभूत अस्पताल
दुहवी, सुनसरी
१ नम्बर प्रदेश, नेपाल

प.स. २०७९।०८०
च. न.. २२

मिति :२०७९।०६।२५

(ग) कृतिम, रंग, गंध, स्वाद तथा मोनोसोडियम ग्लुटामेटको थप मात्रा मिसाएका खानेकुरा ।
(घ) अत्यधिक चिनी मात्रा मिसाइने खानेकुरा जस्तै मिठाइका परिकारहरु, आदि ।
(ङ) कोल्ड ड्रिङ्स तथा बिभरेज

<u>बिकी वितरणका लागि निषेधित गरिने खानेकुरा :</u>
(क) जाँड, रक्सी बियर आदि
(ख) बासी,बिग्रिएका तथा पुनः पकाइएका खानेकुरा
(ग) गुटखा, पान, चुरोट, बिडी, खैनी, पराग, मसाला आदि ।
(घ) सबै प्रकारका लागु पदार्थहरु

दरखास्त दस्तुर : रु ५००|( अक्षरेपी पाच सय मात्र) ।
दरखास्त दिने अवधि मिति :२०७९/०६/२५ देखि २०७९/०६/३१गते सम्म ।
दरखास्त बुझाउने स्थान : दुहबी नगर आधारभूत अस्पताल , दुहबी सुनसरी ।

अस्पताल प्रमूख

नगर आधारभूत अस्पताल
दुहवी, सुनसरी
डा. ओम प्रकाश यादव
मेडिकल अधिकृत
एन.एम.सी. नं. २७७२३